विधेयक संख्या :

# प्रशासकीय कार्यविधि नियमित गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

## प्रदेश सभा सचिवालय
## गण्डकी प्रदेश, पोखरा

## प्रशासकीय कार्यविधि नियमित गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावना:** प्रदेश सरकारको प्रशासकीय कार्यविधि नियमित गर्न तथा नीति तथा कार्यक्रम, बजेट र वार्षिक कार्यक्रम कार्यान्वयन गर्न कानूनी व्यवस्था आवश्यक भएकोले,

गण्डकी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:**(१) यस ऐनको नाम "प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

(३) यो ऐन गण्डकी प्रदेशभर लागू हुनेछ ।

२. **नियम, कार्यविधि बनाउने प्रदेश सरकारको अधिकार:** (१) गण्डकी प्रदेश सरकारको नीति तथा कार्यक्रम, बजेट र वार्षिक कार्यक्रम कार्यान्वयन गर्न एवं सबै प्रशासकीय विषय तत्काल नियमित गर्नको निम्ति प्रदेश सरकारले आवश्यक नियम, कार्यविधि बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम बनाइएका नियम, कार्यविधि कानून सरह लागू हुनेछन्।

३. **बचाउ:** यो ऐन प्रारम्भ हुनु अघि प्रदेश सरकारले जारी गरेका गठन आदेश, नियम, कार्यविधि,निर्देशिका यसै ऐन बमोजिम जारी भएको मानिने छ ।

प्रदेश सभाको सम्वत् २०७५ साल असोज १ गते बसेको बैठकले नेपालको संविधानको धारा १९९ बमोजिम यो विधेयक पारित गरेको ब्यहोरा संविधानको धारा २०१ बमोजिम प्रमाणित गर्दछु ।

नेत्रनाथ अधिकारी
सभामुख
गण्डकी प्रदेश

मिति :

प्रदेश सभाका सभामुखबाट प्रमाणित यो विधेयक नेपालको संविधानको धारा २०१ को उपधारा (२) बमोजिम प्रमाणीकरण गर्दछु ।

मिति:

बाबु राम कुँवर
प्रदेश प्रमुख